# शान्ति चौधरी

शान्ति जि हामी तपाई सित फेरी कुरा गरौं हैन ? अलिकति तपाईले आफ्नो बाल्यकाल हैन तपाईं दाङ्गमा जन्मिनु भयो दाङ्गबाट तपाई कञ्चनपुर आउनुभयो अनि यहाँ चाहिँ तपाईले पढ्न थाल्नुभयो भनेर भन्नु भा छ हैन ? अहिले तपाई थुप्रै क्षेत्रहरुमा काम गर्नुहुन्छ आफ्नो विभिन्न उहाँहरु छ कसरी चाहिँ यहाँ सम्म को अलिकति केही यात्राहरुका केहि विशेष पलहरु होलान विशेष सम्झनाहरु होला तिनिहरुको बारेमा हामीलाई भनिदिनुस न ।

हुन्छ धन्यावाद । अनि नमस्ते म चाहिँ शान्ति चौधरी अ म चाहिँ भिरकोट नगरपालिका वडा नं ५ दरमपुर घर हालको अनि अब म अघि मात्र पनि बाल्यकालको कुराहरु गरे २०५१ सालमाँ मेरो दाङ्गको हापपुर बिचौली गा.वि.स. वडा नं.४ माँ जन्म भएको थियो अनि त्यस पछि त्यहा बाट हामी लगभग ६/७ बर्षको उमेर सम्म हामी त्यही बसिम त्यो गरिसकेपछि अनि अब ममी बाबाहरुसंग हामी यता २०५७ सालको बैशाखको २६ गते यता आको अनि यहा आईसकेपछि हामी ँ उता बस्दा खेरी अलि अलि थोरै थोरै कुराहरु याद छ होईन सुरुमा अरु साथीहरु स्कुल जानुहुन्थ्यो । अनि त्यस पछि स्कुल जादै गर्दा चाहिँ अब अरुहरु ँ स्कुल जान्छ हामीहरु पनि स्कुल जान पाए हुन्थ्यो भन्ने खालको एउटा रहर पनि पलाउथ्यो । अनि त्यस पछि तेति बेला चाहिँ अब होईन कक्षा 1 मा चाहिँ अब निशुल्क भर्ना हुन पाउनु पर्छ भन्ने एउटा सरकाले निति ल्याएको थियो तेति बेला चाहिँ अनि त्यस पछि हामी फेरी भर्ना भएम लगभग १ कक्षामा २०५६सालमा स्कुलहरु जान्थ्यौ । अनि स्कुलहरु जादै गर्दा एकदमै गाह्रो फिल हुने होईन बरु स्कुल जानु भन्दा त सानो छदा खेरी साथीहरु संग गोरुहरु चराउन जान्थेम अनि त्यस पछि त्यहा गएपछि स्कुल जानु भन्दा त गोरु चराउन गकै वेश जस्तो पनि लाग्थ्यो अनि तेति बेला हामी चाहिँ स्कुल छोडी छोडी कहिले काहि २ दिन ३ दिन ग्यापहरु पनि गर्दिन्थ्यौ स्कुलहरु होइन त्यसपछिसंगै पढ्न जाने साथीहरु विस्तारै छाड्न थाल्नु भयो अनि त्यसपछि उहाँहरुसंग बस कोहि पनि जादैन म पनि जान्न भन्ने खालको कुराहरु पनि उति बेला आउथ्यो । त्यो भईसकेपछि पनि अब लगभग १ साल सम्म म चाहिँ स्कुल गए स्कुल गईसकेपछि अन्तिम परीक्षा नदिइकन हामीँ यता आएम अनि यता आईसकेपछि अब फेरी हामी शिशु क्लासमा फेरी उता चाहिँ १ देखि सुरु हुन्थ्यो के रे यता भएपछि शिशु क्लास देखि भर्ना हुन्थ्यौ २ सालमा म चाहिँ ८ बर्षको उमेर देखि फेरी स्कुल चाहिँ जोईन गरेको । अनि त्यहा देखि म चाहिँ अब २ वटा ३ वटा स्कुलहरुमा पढे अहिले चाहिँ ब्याचलरँ रनिङ्ग छ अनि अब यता तिर आईसकेपछि बिस्तारै होईन अब धेरै कुराहरु हुन्थ्यो जस्तो स्कुल जाँदै गर्दा पनि अब यता तिर त फेरी समूहका सबै जना स्कुल जानुहुन्थ्यो अनि उता चाहिँ कस्तो थियो भने पछि छोरीहरुलाई स्कुल नै नपठाउने अनि अलि ठुलो हुदै गर्दा ँ अर्काको घरमा काम गर्न पठाउनु पर्छ भन्ने खालको एउटा परम्परा नै भनम न त्यस्तो खालको थियो अनि त्यो भईसकेपछि अनि त्यसपछि अब हाम्रो तिर पनि के थियो भने अब ठुला हुन थाले तिमीहरुको छोरी देउन त भन्ने खालको एउटो कुरा आईसकेपछि चाहिँ हाम्रो अविभावकहरुलेँ होईन हामी हाम्रो छोरी पठाउदैन भन्ने खालले एउटा तिनिहरु चाहिँ समस्या भनम न अब खेत जोत्न पाउदैन भन्ने खालको एउटा समस्याहरु ल्याईसकेपछि हामी चाहिँ यता बसाई सरेर यता आएम यता आईसकेपछि छुट्टै खालको माहोलहरु थियो । किन भने यता तिर छोरा छोरी भन्ने खालको त्यस्तो थिएन कतिपय अब एक दुई वटा होईन बिच बिचमा त्यस्तो पनि समस्या त थियो त्यस पछि यता आएर अब रेगुलर स्कुलहरु जान थाल्यो अनि त्यसपछि छुट्टिको बेला अनि साँझ बिहान अब घरको कामहरुमा सघाउने त्यस्तोहरु चाहिँ हामी काम गर्थमि अनि त्यस पछि अब यता आउने बित्तिकै भनम न अब हामी संग जमिनहरु थिएन अनि अर्काको घरमा कतिनजेल बस्ने भनेर त्यसपछि अब मुक्ति भईसकेपछि चाहिँ हामीले पनि अब फर्महरु भर्न पर्छ भन्ने हिसाबले हाम्रो अविभावकहरुँ भन्नुहुन्थ्यो । अनि हामी उतै भासी भन्ने गाँउ छ त्यहा चाहिँ बस्थिम अनि स्कुलहरु जान्थिम घरको कामहरु भ्याउथिम अनि ममि बाबाहरु चाहिँ आलो पालो गरेर यता तिर पनि बस्न आउनुहुन्थयो अनि उति बेला फेरि यहा नबसे पछि होईन त्यो बनाईएको त्यो छाप्रोहरु बनाउथ्यो त्यो चाहिँ सबै लगिदिने टुटाईदिने फुटाई दिने त्यस्तो खालको समस्याहरु चाहिँ उहाहरु झेल्नु हुन्थ्यो अनि त्यस पछि यता पनि बृहत रुपमा उति बेला हामी होईन कमलरी जानु हुन्न भन्ने खालले अब यता आए पनि यता तिर आईसकेपछि बिस्तारै गरेर यता पनि दिदि बहिनीहरु धेरै थारु समुदायको छोरीहरु कमलरी बस्न अब यहा जिल्लामा मात्र नभएर अनि अन्त जिल्लाहरु होईन काठमाण्डौ पोखरा तिर पनि त्यस्तो हुन थाल्यो अनि बेचबिखानका कुराहरु बढ्न थाल्यो अनि अब विभिन्न घटनाहरु बढ्न थालि सकेपछि चाहिँ अब थुप्रै संघ सस्थाहरुले होईन त्यो एन.जि.ओ.हरुले चाहिँ एउटा अभियानहरुँ सुरु गर्यो यो मुक्त कमलरी हेर्नुस अब अविभावकहरु मुक्त कमैया चाहिँ मुक्त भयो अनि त्यसपछि चाहिँ मुक्त कमलरीहरु थिए उति खेर ँ छोरीहरुलाई अभिवाकहरु चाहिँ मुक्त भए तर छोरीहरु फेरी तिनै जिवनहरु बिताउन बाध्य भएका कारणले चाहिँ त्यस पछि अब बिस्तारै थुप्रै आन्दोलनहरु गर्न थाले होईन केरे बिषय बस्तुहरुमा उठानहरु गर्न थाल्यो अनि फेरी बाहिर राष्ट्रिय अन्तराष्ट्रिय संघ संस्थाहरुले यो बिषयमा अध्ययन अनुसन्धान गरि अनि त्यसपछिँ त्यो अब यिनिहरुको पनि अब यति धेरै शोसित जिवन बिताउन हुन्न यिनिहरुलाई चाहिँ मुक्त गर्नु पर्छ भन्ने खालको एउटा त्यो गरिसकेपछि थुप्रै धेरै संघ सस्थाहरु मिलेर एउटा आन्दोलनको सुरुवातँ गर्यो अनि त्यसै गरि २०७० सालमा चाहिँ हामी पनि अब मुक्त कमलरीको जुन आन्दोलन थियो नि काठमाण्डौको सिंहदरबारमै गएर १ महिना सम्म लगभग रोडमै हामीले चाहिँ आन्दोलन गर्यौ अनि प्रत्येक जिल्ला जिल्लहरुमा धर्ना कार्यक्रमहरु सुरु हुन्थ्यो अनि तेति बेला चाहिँ हामी जान्थ्यौ अनि त्यसपछि अब अन्तिममा अब एकै पटक भएन अब यसरी अनि सरकारले अब सुन्दैन यि कुराहरुलाई भनेर भनि सकेपछि सानो सानो थिएम हामीहरु होईन १३ /१४ बर्षको

उमेरमा ँ त्यहा आन्दोलनहरु गरिराख्दा खेरी कतिपय दिदि बहिनीहरु चाहिँ घाईते पनि हुनुभयो अनि अब खासगरेर हाम्रो चाहिँ त्यो दाङ्ग जिल्लाका लालमटिया भन्ने ठाउँको एक जना सिर्जना चौधरी भन्ने बहिनी हुनुहुन्थ्यो उहाँको चाहिँ हत्या भयो होईन काठमाण्डौमा काम गर्दै गर्दा त्यो हत्या भईसकेपछि चाहिँ अब धेरै पाँच जना हाम्रौं मुक्त कमलरी दिदि बहिनीहरुँ कोहि जलाईएर कोहि झुन्डाएर त्यस्तो खालको हत्याहरु चाहिँ भयो अनि त्यसपछि अब आन्दोलन गर्यो आन्दोलन गरी सकेपछि २०७० सालमा चाहिँ हाम्रो मुक्त घोषण गर्यो सरकारले होईन मुक्त घोषण गरिसकेपछि चाहिँ अब हाम्रो एउटा निर्देशिकाहरु पनि बनाए निर्देशिका बनाएपछि चाहिँ एउटा पढ्न पाउनुपर्छ होईन छात्रबृत्तिहरुको व्यवस्था पनि गर्यो लगभग त्यति बेला १२ करोड छात्राबृत्तिको व्यवस्था गरेको थियो । अनि त्यसपछि त्यो गरिसकेपछि अब त्यो भयो भई सकेपश्चातँ त्यसपछि अब हाम्रो लेबल अनुसार छात्राबृत्तिहरु बितरण भईरहेको थियो छात्रबृत्ति बितरण भईरहेको बेलामा चाहिँ अहिले आएर फेरी ति समस्याहरु उत्पन्न भाको छ । हामी निरन्तर आन्दोलन चाहिँ गरिराछौ प्रत्येक बर्ष बर्षमा चाहिँ ज्ञापन पत्र बुझाउने काम पनि गरिरहेका छौ सरकारले चाहिँ स्थानीय पालिकाहरु संग अनि त्यसपछि प्रदेश लेभलको र त्यसपछि हाम्रो केन्द्रिय लेभलको पनि ज्ञापन पत्र बुझाउने कामहरु भईरहेको छ । तर अहिले अब यस्तो त होईन हामी एउटा संगठनमा आबद्द भई सकेपछि चाहिँ हामी हाम्रो मागहरु छ होईन त्यसमा हामी त्यसमा पनि काम गरिरहेका छौ । हाम्रो लागत संकलन हुनुपर्छ राज्यसंग लागत संकलन गरेर एउटा बर्गको रुपमा घोषण गरिसकेपछि चाहिँ तिनिहरुको पुनर्स्थापनाका लागि काम गर्नु पर्छ भन्ने खालको हामीले कुराहरु गर्दैछौ अनि अब अहिले हाल त हामी दाङ्ग जिल्लामा हाम्रो केन्द्रिय कार्यालय छ त्यहाँ बसेर हामी काम गर्दैछौ त्यसरी प्रत्येक जिल्लाहरुमा चाहिँ जिल्ला शाखाहरु छ अनि त्यसपछि त्यहाँ रहेर हाम्रो दिदि बहिनिहरु काम गरि राख्नुभएको छ ।अनि लगभग यति नै भनौ अहिले । thank you

अनि तपाईले जुन कञ्चनपुर आउनुभयो भन्नुभयो है ? कञ्चनपुर आउँदाखेरि चाहिँ तपाई स्कूल जान लाग्नु भयो अनि त्यसपछि स्कुल जान लाग्दा खेरी चाहिँ यहाँ नेरको स्कूलहरुमा चाहिँ मतलब कस्तो-कस्तो समुदायको तपाईसँग पढ्नेहरू को को हुनुहुन्थ्यो ?

यताको समुदायमा त मिश्रित सामुदाय नै थियो ।सबै प्रकारको थियो तर अब हाम्रो यो थारु समुदायमा नै के थियो भनेपछि स्कुल धेरै कम जाने हैन ? भर्खर भर्खर अब स्कुल जानुपर्छ भन्ने एउटा थियो चलनहरु आइरहेको थियो हैन स्कुल पढ्नुपर्छ भन्ने तर त्यति धेरै स्कुल चाहिँ नगई दिने क्या आफै पनि स्कुल नगई दिने हैन अब उनीहरुलाई पहिल्यैदेखि अभिभावकहरुले पनि त्यति धेरै चासो नदिएको हामी पढेनौ तिमीहरु पनि यस्तो खालको मनिस्थिति चाहिँ थियो । उतिबेला तर हामी हाम्रो पढ्ने स्कूलहरुमा चाहिँ मिश्रित समूहहरू थियो । सबैजना आएथ्यो सबै जातिका सबै प्रकारका मान्छेहरु चाहिँ पढ्न आउनुहुन्थ्यो ।

स्कुलमा तपाईले फरक किसिमको कुनै त्यस्तो भेदभावहरु तपाईले फेस गर्नुभयो कि भएन ?

यता त अब मैले थाहा पाइन तर म उतै एक वर्ष पढे पछी मलाई कहिले-कहिले चाहिँ याद हुन्छ हैन अब थारु समुदाय र पहाडी समुदायको विचमा चाहिँ त्यो भै हाल्थ्यो क्या हुन्थ्यो त्यो चाहिँ मलाई याद छ । उता तिरा एकवर्ष म त्यहाँ पनि पढे अनि त्यसपछि अब यता चाहिँ त्यतिधेरै थिएन ।

कस्तो खाले हुन्थ्यो ? अलिकति

कस्तो खाले भन्नाले अब कस्तो कि हाम्रो समुदायमा चाहिँ अब आफै पनि नबोल्ने म आफै पनि कम बोल्थे सानो छँदा अनि एउटा हाम्रो वातावरण नै के थियो भने बोल्नु हुन्न भन्ने खालको एउटा थियो हैन ? उतिबेला चाहिँ अब बोल्नुहुन्न अर्काले जस्तो अब यस्तो कि बच्चा बच्चैमा पनि एउटा समुदायले पनि प्रभाव पार्ने कुराहरु हुन्छ हैन ? पहाडे समुदयको अब बच्चा बच्चीहरुलाई अब तिनीहरूलाई motivation गरिन्छ । बोल्नुपर्छ यो त्यो हैन सबै कुराहरु तर हामी हाम्रोमा त्यस्तो थिएन । यस्तो नभएपछि हामी बोल्ने कुरै हुन्थेन । त्यही भा भएर तिनीहरु अब बच्चै बच्चा सानो सानोमा खेल्दै गर्दा अब कुट्ने पिट्ने गाली गर्ने सम्मको त्यस्तो हुन्थ्यो तर त्यहाँ पनि अब शिक्षकहरुमा पनि यस्तो हुन्थ्यो कि अब वहाँहरुलाई भन्दा हामीहरुलाई चाहिँ त्यौं गर्नुहुन्थ्यो । भन्नाले गाली गर्ने भनौ कि के भनौं अब त्योचाहिँ गराउनु हुन्थ्यो त्यतिबेला अब सानै छँदा त्यति हैन हामीलाई मात्र किन भन्यो भन्ने खालको फिल त हुन्थ्यो । अब त्यति खेर सानोमा हामीलाइ हेपियो कि के गर्यो भन्ने खालको त अब कहाँ थाहा हुन्छ ? अहिले आएर चाहिँ अब थाहा भयो त्यतिबेलाका कुराहरु ।

अनि तपाईले जुन त्यो कमलरी आन्दोलनको बेला चाहिँ तपाई कसरी त्यसमा लाग्नुभयो ?

अ हामीचाहिँ अब यता आइसकेपछि अब के एउटा Nepal foundation भन्ने संस्था थियो अनि यता तिर चाहिँ प्लान नेपाल र NNSWAले कञ्चनपुरकै झ्यालीमा चाहिँ यिनीहरूँ काम गर्थ्यो अनि उतिबेला अब हामीलाई अव पढ्न आर्थिक रुपमा सहयोग गर्नु भा

हुनाले कमलरी कै बाट अनि त्यसपछि हामीमा एउटा समूह थियो हाम्रो किशोरी समूह अ मुक्त कमलरी किशोरी समूह भन्ने थियो अनि हामी चाहिँ जो जसलाई उसले चाहिँ काम गराउने मतलब पढाउँथ्यो उनीहरुले चाहिँ एउटा समूह बनाएको थियो अनि त्यो समूहमा हामी आबद्ध थियौं अनि त्यसपछि आन्दोलनमा चाहिँ हामी जान्थ्यौँ ।

त्यसैबाट चाहिँ आन्दोलनमा जानु हुन्थ्यो त्यसलाई अनि समूहहरु पनि बनाएर त्यसरी गर्नु हुन्थ्यो कि ?

अँ समूह नै थियो हाम्रो छँदैछ कमलरी बच्चाहरूको अरूको घरमा काम गर्ने बच्चीहरूको समूह अहिले सम्म नि छदै छ ।

अहिले चाहिँ तपाई के मा आबद्ध हुनुहुन्छ ?

म चाहिँ यो मुक्त कमलरी विकास मन्च भन्ने संस्था नै छ हैन ? त्यसको चाहिं म केन्द्रीय अध्यक्ष हो अहिले ।

यो चाहिँ तपाई दाङ्गमै बसेर काम गर्नुहुन्छ ?

अह दाङ्गमै बस्नुपर्छ

अनि पहिला तपाई बच्चामा हुँदा खेरीको दाङ्ग अनि अहिले फर्केर त्यहाँ काम गर्दा खेरिको दाङ्गमा चाहिँ फरक महसुस गर्नु हुन्छ कि नाइ ?

अहिले त धेरै फरक छ अब त्यहाँको माहोल नै फरक भइसकेको छ । अनि अब सानोमा यस्तो थियो । अब सानोमा एउटा त हामी सानासानै थियौं अब अलिअलि याद छ हैन ? त्यो अब घरदेखि बाहिर अब जान पनि नपाउने केहि पनि गर्न नपाउने त्यहि भएर त्यति थाहा भएन तर यसरी हेर्दा खेरी गाउँ ठाउँ हेर्दा खेरी धेरै परिवर्तन भएको छ । सबै कुराहरुमा भनौ न ।

तर अहिले पनि केहि कुराहरु सहि नभएको जस्तो कताकता चाहिँ विभेदकारी यस्तो तपाईले feel गर्नुहुन आजकाल ?

होइन त्यो त अब पहिलेदेखि चलिराख्दैछ क्यारे अब यस्तो छ। हामी अब यसरी समग्र Personal हामी कुनै पनि कुरामा हामीले त्यति धेरै त्यो भएको चाहिँ देखेका छैन । तर अब संगठानात्मक हिसाबले हामीले काम गरिरहँदा खेरी चाहिँ अब एउटा भनम जातीय विभेद भनम वर्गीय विभेदको कारणले पनि त्यो चाहिँ देखिन्छ । थुप्रै विवादहरु भएको, थुप्रै विभेदहरु भएको होइन । एउटा अब कुरै गर्दा खेरि पनि एउटा सुनेको, नसुनेको अनि हाम्रो अब यतिधेरै समस्याहरु छ हाम्रो दिदीबहिनीहरु हुन्छ होइन । उहाँहरू चाहिँ अहिले पढ्न पाइराखेको छात्रावृत्तिहरुबाट वञ्चित भई राख्नुभएको छ । अनि त्यो कुराहरू गर्दै गर्दा पनि अब हुन्छ भन्दै खालको अनि एउटा कुरा अब समग्र रूपमा होइन नेपाल सरकारले अहिले त सबै प्रकारका बजेटहरू विनियोजन गरिराखेको छ जाति समुदायको लागि हाम्रो चाहिँ भए राखेको गरि रहेको सेवा सुविधाहरु पनि एकैचोटि काटेको छ त्यो भनेको विभेदै हो भन्छु म चाहिँ होइन ।

कति वर्षको हुनु भयो तपाईंले अहिले ?

अह म अहिले २६ वर्ष ।

तपाईलाई तपाईको आमाबुबाले बिहे गर बिहे गर भनेर भन्नु हुन्न त ?

अहभन्नुहुन्छ कहिलेकाहीँ ।

उहाको तपाईंको आमा को कति वर्षमा विवाह भयो ?

खै कति वर्षमा भयो, सानो मै भएको थियो क्यारे २०, २२ बर्षको उमेरमा भएको थियो ।

‘त्यस्तो सारो बिहे गर्नै पर्छ भने त्यस्तो केही छैन अहिले ?

छैन अब यस्तो छोरी मान्छे अब समयमै विवाह गर्दिनु पर्छ भन्ने खालको कुरा गर्नु हुन्छ नै । अब त्यस्तो गरकी गर भन्ने खालको चाहिँ कुरा नै गर्नुभएको छैन ।

अनि अहिले तपाई यो थरुहट आन्दोलनमा त्यो आन्दोलनको मुद्दाहरुमा चाहिँ कत्तीको नजिकबाट संलग्न हुनुहुन्छ अथवा त्यसलाई कसरी बुझ्नुभएको छ तपाई संलग्न हुने नहुने आफूले कसरी बुझी राख्नुभएको छ ?

अब मैले बुझेको चाहिँ अब थारुहट थारुवान आन्दोलनको चाहिँ अब हाम्रोमा के हुन्छ भनेपछि सुरुमा त पहिचान कै निम्ति आन्दोलन गरिराखेका छौं होइन । थारुवान भनेर अनि त्यसपछि अब थारु समुदायले चाहिँ अब राज्यले नै भनौं न अहिलेदेखि अहिले मात्रै हैन पहिले देखिकै एउटा विभेदकारी होइन जुन पहिले पनि त्यही नीति थियो र अहिले पनि अब नीतिहरु बन्यो नीतिहरु बनिसकेपछि त्यसलाई कार्यान्वयन गर्ने तिनीहरूको संरक्षण गर्ने हो समाधान गर्ने तिनीहरूलाई पहिचान दिने उसले सोच्दै अब सोच्या छैन अब उदाहरणको लागि भन्ने हो भने अब टिकापुर घटनालाई हामी प्रत्यक्ष रूपमा लिन सक्छौं । अब त्यहाँ अब आन्दोलन गरिराख्नु खेरि होइन उतिबेला कतिबेला नेपालगञ्ज बस्थिम् । नेपालगञ्ज बसीराख्दा खेरी एकदमै यतिबेला news हरु आउथ्यो होइन साथीहरु थिए टिकापुर एरियाको उहाँहरूको फेमिली त्यहाँ हुनुहुन्थ्यो त्यतिबेला चाहिँ उहाँहरूको घरघरमा गएर मतलब थारूहरूको घरमा मात्रै गएर जलाउने होइन अब महिलाहरु माथि हातपात गर्ने भन्नेखालको ` त्यस्तो कामहरू त्यस्तो कुराहरु सुनिन्थ्यो । त्यो त्यही मैले सोची राख्दा खेरी चाहिं त्यो अब होइन राज्यकै तर्फबाट विभेद भएको हो त्यो चाहिँ किनकि अधिकारकालागि कुरागर्दै गर्दाखेरि एउटा अधिकारको निम्ति बोल्ने मान्छेहरूलाई दबाउने तर अब अर्को त्यहाँ समस्या उत्पन्न गराउने मान्छेहरुलाई के बचाउने भन्ने खालको त्यस्तो चाहिँ थियो । हामी त्यतिबेला ती सुन्थ्यौ त्यो चाहीँ छ । अहिले पनि त्यही छ भनम् ।

अनि अहिले चै जति पनि राजनीति छलफलहरु भइराखेको छ होइन त्यसले कुनै निकास तिर गइराखेको छ तपाईलाई महशुस हुन्छ कि हुँदैन अथवा आशावादी हुनुहुन्छ कि हुनुहुन्न ?

म चाहिँ अब विगतदेखि होइन मैले थाहा पाए अनुसार अहिले राजनीति बुझ्दै गर्दाअलिअलि धेरै बुझ्न सकेको छैन किन कि राजनीति त्यतातिर गएको छैन । Personally यसरी बुज्दै गर्दाखेरि होइन अब अहिलेको स्थितिसम्म त मैले त्यस्तो आशा भन्ने कुरै देखेको छैन । मान्छेको नियत छैन खासमा त्यो गर्नुपर्छ तिनीहरूलाई क्यारे अधिकार दिलाउनुपर्छ तिनीहरूको पहिचान दिलाउनु पर्छ भन्ने खालको सोचाइ छैन मान्छेहरूमा त्यो भएर मैले त्यो देख्या छैन ।

तपाईलाई अरू केही भन्न मन लागेको, दिदी तपाईलाई केही भन्न मन छ भनी ?

अलिकति होइन अलिकति भन्न मन लाग्यो जस्तो अब अहिले राजनीति हुन त मलाई राजनीति केही पनि थाहा छैन तर यसो बुझ्दा खेरि जस्तै टीकापुरकै घटना होइन अब त्यो त सामाजिक घटना थियो नि त त्यो त सामाजिक भयो होइन । समाजको लागि लडेको आन्दोलन थियो तर पनि अहिले अब रेशम चौधरीलाई नै मैले एकचोटि राम्रोसँग आन्दोलनमा देखेको थिए । त्यो समाजकै लागि बोल्ने मान्छे थियो समाजका लागि अधिकारको लागि लड्ने व्यक्ति हो होइन लड्नसक्ने व्यक्ति थियो । अब त्यसलाई चाहिँ अनि त्यसरी देख्दाखेरी त्यो मान्छे अलिकति गर्नसक्ने साहास भनौं अथबा क्षमता भनौ होइन देखेको थिएँ मैले त्यो मान्छेले अलिकति थारूहरूको लागि थरुहरूको हक हितको लागि गर्नसक्ने मैले क्षमता देखेको थिए । त्यो मान्छेलाई आन्दोलनमा हिँड्न मन नगर्ने होइन त्यतिखेर पनि आन्दोलनमा जाने बेला धेरै झडप भयो होइन अब यताबाट बोतलहरु फ्यालेर हाम्रो झलारीमा नै यो मुन्टामा चाहिँ हानेको थियो । आन्दोलनबाट फिर्ता हुने बेलामा रेशम चौधरीको नेतृत्वमा यहाँ पनि अब नेतृत्व कस्तो थियो म आन्दोलनमा गएको थिए रेशम चौधरीलाई धेरै थारूहरूको हकहितमा अधिकारको लागि बोल्ने मान्छे हो । तर त्यो अब सामाजिक मुद्दामा त्यसलाई अलिकति व्यक्तिगत मुद्दा लगाएको जस्तो कहिलेकहीँ मलाई महसुस हुन्छ । अब समाजको लागि लड्ने मान्छेलाई अब होइन चुनाव चिन्ह दिने भनेर यताबाट बोलाएर फेरि त्यसलाई चाहिँ कारागार भित्र लैजाने यो नीति अलिकति देखिन राम्रो त्यो त सामाजिक आन्दोलन थियो नि त व्यक्तिगत थिएन । त्यसैकारणले मलाई अलिकति यो बारेमा पनि म असन्तुष्टि छु । म अहिले रेशम चौधरी को बारेमा होइन समाजको लागि लड्ने मान्छेलाई व्यक्तिगत मुद्दा लगाएर त्यहाँ भित्र हाल्दिने अब समाजको लागि कसले गर्छ त ? लड्नसक्ने समाजका लागि कुरा गर्ने हकहितको लागि कुरा गर्न सक्ने बोल्न सक्ने मान्छे पनि चाहिँयो नि त अब त्यस्ता मान्छेहरुलाई दबाई दिएपछि त अब लुते खुद्रेहरुलाई त्यहाँ लगेपछि सक्छ त सक्दैन नि । होकि हैन मेरो अनुभव कुरा भयो यो मैले आफ्नै व्यक्तिगतले त्यसको बारेमा कुरा राखिदिएको हो कि नाइ अब त्यो थारुहरूको लागि अधिकारको लागि लड्ने मान्छेलाई अथवा त्यो सद्दे नै थियो भने फेरि हामीले त्यसलाई थारुहरु भनौं यो किन भैराखेको छैन भन्न सक्थ्यौ नि त अब त्यो सामाजिक लडाईमा अलिकति घटना भयो त्यो सबैलाई किन घटना भयो भनेर टेन्सन छ नि त चिन्ता छ । यस्तो घटना शान्ति लडाई शान्तिपूर्ण आन्दोलन हुँदा हुँदै पनि यस्तो किन भयो भनेर सबैको चिन्ता हो । तर पनि त्यो भइसकेपछि अब त्यो त्यसरी लडाउने त्यो त्यसरी गर्ने अब को को बाहिरबाट घुसेको थियो त्यो मलाई लाग्छ होइन त्यो आन्दोलनबाट भएको होइन मलाई लाग्छ । जहाँबाट को भित्रबाट बाहिरबाट घुसेको मान्छेले त्यो आन्दोलनको बाहानाले त्यस्तो होकी जस्तो मलाई लाग्छ । तर अब त्यसलाई भित्र हालियो फसाइयो अब नेतामा पनि थारु नेता नै चाहिँएको रहेछ उहाँ मन्त्रीको बीचमा त चाहिँएन अब थारूहरूको त्यहाँ एजेण्डा गएन भने थारूहरूको मुद्दा गरेन भने अरुले मात्रै त्यहाँ उचित हुन्छ त छैन त होकि नाइ सबै जातिको सबै क्षेत्रको त्यहाँ त पुग्नु पर्नेछ । अब त्यहाँ गर्नसक्ने मान्छेलाई भित्र हालिदिने अब त्यहाँ कसले गर्ने त गर्न सक्ने मान्छे पनि चाहिँयो त दुनिया दिवानाको बाद गरेर हुन्छ ? अब निकालि दिएको भए त्यहाँ क्यारे नेतागिरी गर्ने मान्छे त धेरै हुन्छ नि चुनौतीहरु हुन्छन् समर्थन

सबै बुझेका मान्छे हुन् होइन त्यसको अलिकति त समझदारी निकालेर हुन्थ्यो नि त व्यक्तिगत मुद्दा लगाएर उसलाई भित्र हाल्ने अब थारूहरूको आन्दोलन चाहिँयो नि त । त्यही भएर थारुहरु निकालिदियो भने स्वादिलो हुन्छ हुँदैनन् त विना नुनको त्यो सब्जी जस्तो हुन्छ । नुन छैन भने त स्वाद हुँदैन त्यहाँ नुनपनि चाहिँयो नि त्यसै कारणले मैले अलिकति त्यसलाई भित्र हालेको मलाई उचित लागेको छैन ।

सबैलाई ल हस् धन्यवाद शान्ति जी, प्यारी जी ।

हस् हजुरहरुलाई पनि धेरै धेरैधन्यवाद यति कुरा राख्ने मौका दिनु भएकोमा धन्यवाद।

LOOM